
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ ३० गते बिहीबार ❑ 15 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## राष्ट्रपति भण्डारीसँग चिनियाँ नेता लीको शिष्टाचार भेटवार्ता

**रासस**
**काठमाडौं, २९ भदौं**

राष्ट्रपति विद्यादेवी भण्डारीसँग जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकंग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्शुको शिष्टाचार भेटवार्ता राष्ट्रपतिको कार्यालय शीतल निवासमा सुरु भएको छ।

राष्ट्रपति भण्डारीसँग बुधबार अपराह्न ४ बजे राष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता सुरु भएको हो । यसैगरी बुधबार बिहान ९:३० बजे चिनियाँ नेता ली नेतृत्वको प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा भूकम्पपछिको पुनर्निर्माण परियोजनाहरूको अवलोकन र निरीक्षण गरेको थियो। सभामुख अग्निप्रसाद सापकोटाको मैत्रीपूर्ण निमन्त्रणामा अध्यक्ष ली सोमबार विशेष विमानबाट काठमाडौं आइपुग्नुभएको हो।

भ्रमणको पहिलो दिन सभामुख सापकोटा र अध्यक्ष लीले संसद् भवन नयाँ बानेश्वरमा संसदीय प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गरी सहयोगसम्बन्धी



छबुँदे सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो । अध्यक्ष ली भ्रमणको दोस्रो दिन मङ्गलबार विभिन्न उच्चस्तरीय भेटवार्तामा व्यस्त रहनुभएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवासँग उहाँले मङ्गलबार अपराह्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शिष्टाचार भेटवार्ता गर्नुभयो। प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा उहाँहरूबीच द्विपक्षीय व्यापार, लगानी, कनेक्टिभिटी, चीनमा अध्ययनरत नेपाली विद्यार्थीको अध्ययन निरन्तरताका लागि फिर्ता, यात्रु उडान सञ्चालन गर्ने, सीमा बन्दरगाह खोल्नेलगायतका आपसी हितका विविध विषयमा छलफल भएको थियो। मङ्गलबार नै अध्यक्ष ली र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाबीच शिष्टाचार भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल-चीन सम्बन्धका विभिन्न विषयमा अन्तरसंसदीय आदान-प्रदान र सहकार्यका विषयमा छलफल भएको थियो । मङ्लबार नै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग अध्यक्ष लीले संसद् भवन नयाँ बानेश्वरमा शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । भेटवार्तामा द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको बताइएको छ।

मङ्गलबार दिउँसो परराष्ट्रमन्त्री डा नारायण खड्काले अध्यक्ष लीसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । भेटवार्तामा दुई पक्षबीच नेपाल-चीन सम्बन्धका विभिन्न पक्षमा विचार आदान-प्रदान भएको थियो । अध्यक्ष ली नेतृत्वमा छ चिनियाँ उच्च अधिकारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, अन्यसहित ६७ सदस्यीय प्रतिनिधिमण्डल रहेको मन्त्रालयले जनाएको छ। अध्यक्ष ली भ्रमण सम्पन्न गरी बिहीबार बिहान विशेष विमानबाट स्वदेश फर्कनुहुने कार्यक्रम छ।

## पोखरामा हटाइँदै अवैध संरचना

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौं**

पोखरामहानगरपालिकाभित्रका अनधिकृत संरचना हटाउन थालिएको छ । गत साता पोखरा-९ महेन्द्रपुलस्थित आफ्नै स्वामित्वको भवनमा डोजर चलाएको महानगरले कानुन मिचेर बनाइएका संरचना हटाउने अभियानलाई निरन्तरता दिएको छ।

सोमबार ४ र ९ नं वडा कार्यालयले ती क्षेत्रमा रहेका फुटपाथ पसल र अवैध संरचना हटाउन सातदिने सूचना निकालेको छ। तोकिएको दिनभित्र त्यस्ता संरचना निर्माणकर्ता स्वयंले हटाई व्यवस्थापन नगरेमा कानुनबमोजिम गरिने वडा नं ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो । "फुटपाथ पसल, सडकछेउका पार्किङस्थल र सार्वजनिक जग्गा मासेर बनाइएका संरचना क्रमशः हटाउँदै जान्छौँ", उहाँले भन्नुभयो, "अनधिकृत तरिकारले बनेका सरकारी संरचना पनि अब हट्छन्, यो अभियान निरन्तर चल्छ ।" वडाध्यक्ष मर्सानीले सडकको अधिकार क्षेत्र मिचेर बनाइएका क्षेत्रीय हुलाक, टेलिकमलगायत सरकारी कार्यालयका पर्खाल पनि भत्काइने बताउनुभयो।

नयाँ बजारमा रहेको माइक्रोको अव्यवस्थित पार्किङलाई पनि त्यहाँबाट हटाइने भएको छ। "सार्वजनिक सूचना निकाल्छौँ, सम्बन्धित कार्यालयहरूलाई पत्र पनि काट्छौँ, वैध रहेको प्रमाण भए सोहीअनुसार हुन्छ, नत्र हटाइन्छ", वडाध्यक्ष मर्सानीले भन्नुभयो, "सूचनाको बेवास्ता गरेर आफैँ नहटाए नगर प्रहरी लगाएर महानगरले हटाउँछ।"

नयाँपुलमा रहेको महानगरको भवनमा बाँकी रहेका सटर खाली गराएर मङ्गलबारदेखि पुनः संरचना भत्काउन सुरु गरिएको उहाँको भनाइ छ। त्यहाँ रहेका दुई भवनलाई भत्काएर उद्यान बनाउने र सार्वजनिक शौचालय बनाउने योजना महानगरले अघि सारेको छ । भवन भत्काउँदा विस्थापित भएका आर्ट ग्यालरी र पुस्तकालयलाई पृथ्वीचोकमा बन्ने नयाँ भवनमा सारिने भएको छ । पृथ्वीचोकमा रहेको ट्राफिक प्रहरी कार्यालयलाई हटाएर महानगरले सूचना केन्द्रसहितको आधुनिक भवन बनाउँदैछ। वडा नं ९ ले एक महिनाभित्रैमा वडाभित्रका अनधिकृत संरचना हटाइने जनाएको छ। महाननगरभित्रका मुख्य सहरी क्षेत्रमा पुटपाथ, अव्यवस्थित पार्किङजस्ता समस्या बढी छन् । जसले सहरी सौन्दर्यमात्र बिगारेको छैन, पैदलयात्रीलाई कष्ट पनि थपेको छ । वडा नं ४ का अध्यक्ष देवकृष्ण पराजुलीले अवैध संरचना बनाउने व्यवसायी र घरधनीलाई प्रत्यक्ष भेटेरै त्यस्ता संरचना हटाउन आग्रह गरिएको बताउनुभयो । "सूचना निकाल्ने कुरा त भइ नै हाल्यो, घरदैलोमै पुगेर पनि महानगरको अभियानमा सघाउनुस् भनेका छौँ", उहाँले भन्नुभयो, "तोकिएको मितिभित्र नहटाए पत्र काट्छौँ, बोलाएर कुराकानी गर्छौं, यति गर्दा पनि अटेर गरे हामी आफैले हटाउँछौँ।" उहाँका अनुसार स्थायी संरचना बनाइसकेपछि अनधिकृतरूपमा पछि थप गरिएका संरचना हटाउनुपर्ने स्थिति छ । उक्त वडाका बागलुङ बसपार्क, चिप्लेढुङ्गा, महेन्द्रपुललगायत क्षेत्रमा त्यस्ता संरचना बढी छन्। तिनै ठाउँमा सवारी पार्किङ पनि अस्तव्यस्त छ। वडाध्यक्ष पराजुलीका अनुसार घरअघि ट्रस्ट थप्ने, पेटीमै पसलका सामान राख्ने प्रवृत्ति बढी छ।

अबदेखि सडक नै ओगट्ने गरी ठूला होर्डिङ बोर्ड र सटर बाहिर सामान राख्न नदिइने उहाँको भनाइ छ। "सार्वजनिक जग्गै मिचेर बनाइएका ठूला भौतिक संरचना हाम्रो वडामा त छैनन्, तर पछि थपिएका स-साना संरचनाले सहरी व्यवस्थापनमा बाधा पुऱ्याइरहेको छ", उहाँले भन्नुभयो।

घरघरै पुगेर सम्झाइबुझाइ गरिएकाले व्यवसायीबाट सहयोग पाउनेमा वडाका जनप्रतिनिधि विश्वस्त छन् । महानगरको नेतृत्वले अनधिकृत संरचना हटाउने अभियानमा वडा तहलाई नै बढी अग्रसर गराएको छ। अवैध संरचना भत्काउनुपूर्व अपनाउनुपर्ने सबै प्रक्रिया पूरा गर्ने गरिएको जनप्रतिनिधिको भनाइ छ।

महानगरका अरु वडामा पनि अवैधसंरचनाहटाउनेअभियानलाई गति दिइने जनाइएको छ। पोखरा महानगरलगायत देशका अरु स्थानीय तहमा पनि अनधिकृत संरचना हटाउने अभियानले तीव्रता पाएको छ। कार्यकालको सय दिन भर्खर बिताएका जनप्रतिनिधिले लिएको त्यस्तो पहललाई जनसाधारणले पनि रुचाएका छन्।

## कास्कीमा एक मतदानस्थल गाभियो, एक थपियो

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौं**

कास्की जिल्लामा एक मतदान स्थल गाभिएको छ भने एक मतदानस्थल थपिएको छ।

जिल्लामा पोखरा महानगरपालिका-३० स्थित सरस्वती आधारभूत विद्यालय मतदानस्थल सोही वडाको त्रिभुवन शान्ति माध्यमिक विद्यालयमा गाभिएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा महानगरपालिका-१८ भकुण्डेस्थित शान्ता माविमा एक मदतानस्थल थपिएको छ । जिल्लामा कूल एक सय ५० मतदानस्थल रहेकामा एउटा गाभिएको र एउटा थपिएका कारण सोही संख्या नै यथावत रहेको उहाँले जानकारी दिनुभयो । भौगोलिक अवस्था, बाटोको दूरीलगायतका आधारमा मतदानस्थल निर्धारण गरिने कानूनी व्यवस्था छ। सामान्यतः पहाडी क्षेत्रमा मतदानस्थल पुग्नका लागि एकतर्फी चार किलोमिटरभन्दा बढी दूरी हुन नहुने प्रावधान छ। जिल्लामा हाल तीन सय ३६ मतदान केन्द्र रहेका छन्।

यसअघिको स्थानीय निर्वाचनमा कास्कीमा कूल मतदाता संख्या दुई लाख ८१ हजार नौ सय ४० रहेकामा आसन्न निर्वाचनका लागि लगभग १० हजार संख्या थपिने जनाइएको छ । कार्यालयले मतदाता नामावली अद्यावधिक गर्ने काम गरिरहेको न्यौपानेले जानकारी दिनुभयो।

## माओवादीले समानुपातिक सांसद नदोहोऱ्याउन

**रासस**
**काठमाडौं, २९ भदौं**

नेकपा (माओवादी केन्द्र) ले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फका सांसद नदोहोऱ्याउने निर्णय गरेको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार बसेको पार्टी पदाधिकारीकोबैठकलेसमानुपातिकतर्फका उम्मेदवारको सूची तयार गर्दा अन्तरिम व्यवस्थापिकाबाहेक अरु समयमा समानुपातिक सदस्य भएकालाई नदोहोऱ्याउने निर्णय गरेको हो। गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा प्रतिस्पर्धा गरेका उम्मेदवारलाई समानुपातिकमा प्राथमिकता नदिने र बन्दसूची पेश गर्दा सम्बन्धित समितिको बैठकले अनिवार्य निर्णय गरेको हुनुपर्ने पदाधिकारी बैठकको निष्कर्ष छ । बैठकले समानुपातिकतर्फका उम्मेदवारको बन्दसूची तयार गर्न सम्बन्धित प्रदेशले बिहीबारभित्र प्रतिनिधित्वको निर्धारित क्षेत्र छुट्याएर सूची पेश गर्ने निर्णय गरेको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को सचिवालयले जनाएको छ। बैठकमा अनुशासन आयोगका अध्यक्ष कमरेड टङ्क राईको नेतृत्वमा स्थानीय तह निर्वाचनमा भएको अन्तर्घातबारे छानविन गर्न बनेको समितिको प्रतिवेदनबारे प्रारम्भिक छलफल भएको थियो । बैठकले समिति प्रमुखको उपस्थितिमा थप छलफल गरि अन्तर्घातमा संलग्नलाई आवश्यक कारबाही गर्ने निर्णय गरेको छ । बैठकमा अध्यक्ष दाहालले निर्वाचन क्षेत्र बाँडफाँटका बारेमा गठबन्धन दलका बीचमा सकारात्मक छलफल भएको जानकारी गराउनुभएको थियो।

## कांग्रेसमा समानुपातिकमा निर्वाचित व्यक्ति पुन:समानुपातिकमै उम्मेदवार बन्न नपाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौं**

नेपाली कांग्रेसमा २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभा समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित व्यक्ति पुनः समानुपातिकको उम्मेदवार हुन नपाउने भएका छन्।

कांग्रेसको विधानको धारा ३३ (२) मा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा पार्टीकोतर्फबाट समानुपातिक आधारमा यस अगाडि निर्वाचित भएको व्यक्ति समानुपातिक आधारमा पुनःप्रतिनिधिसभा र प्रदेशसभाको सदस्य पदमा पार्टीकोतर्फबाट उम्मेदवार हुन नपाउने व्यवस्था छ। त्यस्ता व्यक्ति प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फ उम्मेदवार हुनसक्ने पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा आज बसेको कांग्रेस केन्द्रीय संसदीय समितिको बैठकले कांग्रेसकोतर्फबाट प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ को समानुपातिकतर्फका उम्मेदवारको चयनका लागि आधार र मापदण्ड तय गरेको छ । यसैगरी बैठकले गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा कुनै पनि पदमा उम्मेदवार भएको व्यक्ति प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फको उम्मेदवार बन्न नपाउने निर्णय गरेको छ । उम्मदेवार चयन गर्दा पार्टीको विभिन्न तहबाट विधानबमोजिम उम्मेदवारका लागि भएको सिफारिस, व्यक्तिको योग्यता, नैतिकता, कार्यक्षमता, लोकतान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदान, पार्टीको विभिन्न तह र क्षेत्रमा गरेको योगदानका साथै पार्टीलाई लोकप्रिय मत थप गर्नसक्ने आधारलाई समेत विशेष ध्यान दिइने बैठकको निर्णय छ।

कांग्रेसको विधानको धारा ३३ (३) मा उल्लेखित आधारलाई ध्यान दिँदै प्रतिनिधिसभा निर्वाचन क्षेत्र र प्रदेशसभा निर्वाचन क्षेत्र दुवैमा समानुपातिकतर्फको उम्मेदवारको निर्णय गर्दा सम्बन्धित प्रत्येक निर्वाचन क्षेत्रबाट न्यूनतम् एक जना उम्मेदवार दिने बैठकले निर्णय गरेको छ । उम्मेदवार छनोट गर्दा संविधानको धारा ८४ र धारा १७६ तथा सङ्घीय कानूनले निर्दिष्ट गरेको जातीय, लैङ्गिक समावेशिताका साथ भौगोलिक तथा प्रादेशिक सन्तुलन, उमेर समूहको सन्तुलनकोसमेत ख्याल गरिने मुख्यसचिव पौडेलले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ड्यामसाईड क्लबको चित्रकला प्रतियोगितामा सोफिया प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं

वाल दिवसको उपलक्ष्यमा ड्याम साईड क्लब पोखरा १७ को आयोजनामा बुधबार आयोजित अन्तर विद्यालय खुल्ला चित्रकला प्रतियोगितामा वेसलाईन एकेडेमीकी सोफिया रसाईली प्रथम भएकी छन् ।

उक्त प्रतियोगितामा दोश्रो पुरस्कार सोसियल पब्लिक स्कुलका सौरब लोर्गन, तेश्रो पुरस्कार न्यु मोडल सेकेन्डेरी स्कुलकी सजितु थापा र सान्त्वना पुरस्कार पार्दी माध्यमिक विद्यालयकी मनिषा गुरुङ र हिमाञ्चल वोर्डिङका दिप्सन केसीले प्राप्त गरेका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै कवि लक्ष्मण थापाले वाल दिवसको उपलक्ष्यमा क्लबले चित्रकला प्रतियोगिता आयोजना गर्नु निकै सान्दर्भिक र अनुकरणिय कार्य भएको वताउँदै क्लबले आगामि दिनहरुमा पनि सामाजिक कार्यहरुमा सक्रिय रहोस् भन्दै शुभकामना व्यक्त गरेका थिए । कार्यक्रम संयोजक तथा क्लबका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद वरालले वालवालिकाको चित्रकारिता तथा प्रतिस्पर्धात्मम क्षमता अभिवृद्धिको लागि क्लबले चित्रकला प्रतियोगिता आयोजना गरेको वताए । उनीहरुलाई कार्यक्रमका विशेष अतिथि कवि लक्ष्मण थापा, क्लब अध्यक्ष प्रताप गुरुङ, निर्णयकहरु चित्रकार ढाका भट्टराई र झविन्द्र गुरुङले नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । क्लबका सल्लाहकारहरु किसन सिं गुरुङ, शान्तदेवी गुरुङ, केशबराज वराल र निर्वतमान अध्यक्ष पदम बहादुर ढकालले सहभागीहरुलाई सहभागिताको प्रमाणपत्र वितरण गरेका थिए । सो प्रतियोगितामा कास्की जिल्लाका १५ वटा सरकारी तथा निजि विद्यालयका छात्रछात्राहरुले २३ जना विद्यार्थीहरुको सहभागीता रहेको कार्यक्रम संयोजक क्लबका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद वरालले वताए । सो प्रतियोगितामा होटल ड्रागन, जर्मन वेकरी, शान्ति निकुञ्ज मावि, हिमालय आर्ट ग्यालरी र आईडब्लुएस हेमकान्ती आर्ट गलारीले सहयोग गरेका थिए । क्लबका अध्यक्ष प्रताप गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत रमेशप्रसाद वराल र संचालन महासचिव राकेश श्रेष्ठले गरेका थिए ।



# सर्वाधिक राशिको भलिबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
गोर्खा, २९ भदौं

अहिलेसम्मकै सर्वाधिक राशिको भलिबल प्रतियोगिता हुने भएको छ ।

बा ेला ेङ खेलकुद विकास समितिको आयोजनामा आगामी असोज १२ देखि १६ गतेसम्म 'बोर्लाङ भीमसेन थापा कप २०७९' पुरुष भलिबल प्रतियोगिता हुन लागेको हो । उक्त प्रतियोगिताको बिजेताले रु एक लाख ३० हजार राशिको पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगितामा गण्डकी प्रदेशभित्रका ११ जिल्लाका १२ टिमको सहभागिता रहने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष निराजन श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा दोस्रो हुने टिमले रु ७० हजार, रु ३५ हजार र रु १५ हजारसहित मेडल र प्रमाण प्रदान गरिने उहाँले बताउनुभयो।त्यस्तैप्रतियोगिताअन्तर्गत महिलातर्फको खुला भलिबल प्रतियोगितासमेत हुने अध्यक्ष श्रेष्ठले बताउनुभयो । महिला खुला भलिबल प्रतियोगितामा पनि १२ टिमको सहभागिता रहने समितिले जनाएको छ । महिला खुला भलिबलतर्फ प्रथम हुनेले रु ७० हजार, दोस्रो हुनेले रु ४० हजार र तेस्रो हुनेले रु २० हजार तथा चौथो स्थान प्राप्त गर्नेले रु १० हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । यस्तै सोही अवसरमा ३५ वर्षमाथिका भेटेरान्स पुरुष भलिबल प्रतियोगिता पनि हुने समितिका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगिता सम्पन्न गर्न रु २१ लाख ३२ हजार खर्च लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ ।

# ललितकुमार हेलकुमारी स्मृति पुरस्कार गायिका नुपुर भट्टाचार्यलाई

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं

यस वर्षको ललितकुमार हेलकुमारी पुरस्कार गायीका नुपुर भट्टाचार्यलाई यस पुरस्कार प्रदान गरिने भएको छ ।

प्रत्येक दुई दुई वर्षमा प्रदान गरिने उक्त पुरस्कारको लागि संस्थाका सल्लाहकार तिर्थ श्रेष्ठको संयोजकत्वमा गठित पुरस्कार योग्य चयन समितिको सिफारिसमा उहाँलाई उक्त पुरस्कार दिने निर्णय गरिएको संस्थाद्वारा बुधबार प्रकाशित प्रेश विज्ञप्ति मार्फत जानकारी गराइएको छ । गायिका भट्टाचार्य विगत ५ दशकदेखि अनवरत रुपमा नेपाली गीत संगीतको क्षेत्रमा लाग्नुभई बालगीत, भजन, लोकगीत साथै सुगम संगीतको क्षेत्रमा योगदान दिँदै विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय सम्मान/अभिनन्दनबाटसम्मानित भईसक्नुभएको छ । हाल उक्त पुरस्कारको राशि नगद रु.५०,००० र सम्मान पत्र रहेको छ । संगीत क्षेत्रमा पोखरालाई कर्मथलो बनाई थुप्रै व्यक्तिहरुलाई तवला वादन प्रशिक्षण गराउनुका साथै शास्त्रीय गायनमा उल्लेख्य योगदान गर्नुहुने स्व. ललितकुमार वाटाजुले आफ्नै जीवनकालमा आफ्नै र आफ्नो धर्मपत्नीको नाममा पुरस्कारको स्थापनार्थ अक्षयकोष स्थापना गर्नुभएको ललितकुमार हेलकुमारी स्मृति संगीत पुरस्कारमा उहाँहरुको निधन पश्चात उहाँका सुपुत्रहरुले अक्षयकोषमा रकम थप गरी रु.३,००,००० को अक्षयकोष राखी कोषको व्याजबाट प्राप्त रकमबाट प्रत्येक दुई दुई बर्षमा यस केन्द्रद्वारा उक्त पुरस्कार नेपाली संगीत क्षेत्रको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति वा संस्थालाई प्रदान गर्दै आएकोमा यसै वर्षबाट प्रत्येक तिन तिन वर्षमा प्रदान गर्ने गरी नियमावली संशोधन गरीएको समेत उक्त विज्ञप्ति मार्फत जानकारी गराइएको छ ।

# रूपाको वक्तृत्वकलामा शिवालयकी करिनाको ह्याट्रिक

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं

कास्कीको रूपा गाउँपालिका-२ स्थित शिवालय माविकी करिना ओझाले वक्तृत्वकला प्रतियोगितामा ह्याट्रिक गरेकी छिन् ।

बुधबार रूपा गाउँपालिकाद्वारा ५८ औं बाल दिवसका अवसरमा आयोजित 'शिक्षा क्षेत्रको विकासमा स्थानीय तहको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा प्रथम भएसँगै उनले ह्याट्रिक गरेकी हुन् । यसै शैक्षिक सत्रमा मात्रै उनले यसअघि गोनेसा नेपाल र पुष्पकमल सुवेदी स्मृति प्रतिष्ठानद्वारा रूपा गाउँपालिकाभित्रका विद्यालयका बिच सम्पन्न गरेका वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गरेकी थिइन् । उनी शिवालय बाल क्लबकी अध्यक्ष पनि हुन् । बाल दिवसका अवसरमा आयोजित सो प्रतियोगितामा रामकोट माविकी सजिता अधिकारी, अरुणोदय आविका विश्वास विक र विश्वशान्ति माविकी सफलता हायु राई क्रमशः



दोस्रो, तेस्रो र सान्त्वना भएका थिए । यसै बिच, बाल दिवसकै अवसरमा रूपा गाउँपालिकाभित्रका विद्यालयहरूबाट २०७८ को एस. ई. ई. परीक्षामा सम्मिलित परीक्षार्थीमध्ये सर्वोकृष्ट अङ्क ल्याउने विद्यार्थीहरूलाई जनही ५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको छ । जसअनुसार शिवालय माविका धिरज सुनार छात्रतर्फ र सोही विद्यालयकी कृति ओझाले छात्रातर्फ सर्वोत्कृष्ट अङ्क ल्याएबापत पुरस्कृत भएका थिए । धिरजसँगै छात्रतर्फ समान जी. पी. ए. ३.२५ ल्याउने विश्वशान्ति माविका आदर्श घिमिरे पनि पुरस्कृत भएका थिए । यसअघि पनि शिवालयकै छात्र-छात्रा दुवैतर्फ उत्कृष्ट जी. पी. ए.सहित पुरस्कृत भएका थिए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष नवराज ओझाले शिक्षाका क्षेत्रमा पढाइका अलावा विद्यार्थीको प्रतिभा प्रस्फुटनमा पनि गाउँपालिकाले प्रयास गर्दै आएको बताए ।

शिक्षा शाखा प्रमुख सन्दिप पौडेलको सञ्चालनमा भएको कार्यक्रममा वक्तृत्वकला प्रतियोगितातर्फ बृहस्पति अधिकारी, सीता सापकोटा र मनोज पौडेल निर्णायक रहेका थिए ।

# नवौँ राष्ट्रिय खेलकुद : गण्डकी प्रदेशमा असोज २८ देखि आयोजना हुने

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी असोज २८ देखि गण्डकी प्रदेशमा आयोजना हुनेभएको छ । प्रतियोगिताको स्थानीय आयोजक गण्डकी प्रदेश खेलकुद परिषद्ले प्रदेशस्तरीय प्रतियोगिता गरी आफूले सहभागिता जनाउने ३६ वटै खेलका खेलाडी छनोट सम्पन्न गरेको छ ।

गण्डकी प्रदेशले गत भदौ १६ देखि १८ सम्म प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गरेर खेलाडी छनौट सम्पन्न गरेको हो । गण्डकी प्रदेशबाट सात सय नौ खेलाडीले प्रतियोगितामा सहभागी हुनेछन् । चार सय चार इभेन्टमा चार सय ११ पुरुष र दुई सय ९८ महिला खेलाडीको सहभागिता रहने परिषद्ले जनाएको छ ।

सबै खेलका अन्तिम टोलीमा पर्न सफल खेलाडीलाई आगामी असोज १ देखि प्रशिक्षणमा राखिने गण्डकी प्रदेख खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार पहिलो दुई साता विशेष प्रशिक्षण र त्यसपछिका दिनमा बन्द प्रशिक्षण खेलाडीका लागि सञ्चालन हुनेछ । छनोट भएकामध्ये केही खेलका खेलाडीलाई हिमाली जिल्ला मनाङमा लगेर उच्च पर्वतीय (हाइअल्टिच्युड) मा प्रशिक्षण गराउने योजना रहेको छ । "अन्य प्रदेश खेलाडी छनोटको प्रक्रियामा रहँदै गर्दा हामीले तोकेको समयमा सबै खेलको छनोट गरिसकेका छौँ", सदस्यसचिव गुरुङले भन्नुभयो, "असोज १ गतेदेखि दुई हप्ता विशेष प्रशिक्षण र अर्को दुई साता सबैलाई बन्द प्रशिक्षणमा राख्ने गरी योजना बनाएका छौं ।" प्रदेशले खेलाडीको बन्द प्रशिक्षणका लागि प्रदेश सरकारसँग थप रु दुई करोड १८ लाख बजेट माग गरेको छ । प्रशिक्षणमा सहभागी हुने खेलाडीलाई पहिलो दुई साता दैनिक रु आठ सय र बन्द प्रशिक्षणमा रहँदा दैनिक र एक हजार पाँच सयका दरले भत्ता उपलब्ध गराउने योजना रहेको सदस्यसचिव गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "बन्द प्रशिक्षण सञ्चालनका लागि पर्याप्त बजेट छैन । माग गरिएको बजेट छिटो प्राप्तिका लागि निवेदन दिएका छौँ । सबै बजेट नआए योजनाअनुसार प्रशिक्षण सञ्चालन गर्न सक्दैनौँ ।" मनाङमा 'हाइअल्टिच्युड' मा जाने खेलाडीका लागि विज्ञहरूबाट अहिले सैद्धान्तिक कक्षा भइरहेको छ । खेलमा जानुभन्दा अघि उनीहरूको स्वास्थ्य परीक्षण गरिने छ । सुरुआतमा एक सय खेलाडीलाई उच्च पर्वतीय प्रशिक्षणमा सामेलगर्ने योजनारहे पनि पछिल्लो समय असोज पहिलो साता पोखरामा हुने अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिताका कारण केही खेलाडी त्यसमै खेल्नुपर्ने भएकाले सङ्ख्या कम भएको हो । पोखरामा ४० वर्षपछि राष्ट्रिय खेलकुद हुँदैछ, त्यसैले पनि गण्डकीले प्रतियोगितालाई विशेष महत्व दिएको छ । घरेलु मैदानमा हुने प्रतियोगितामा गण्डकीले धेरै पदक जित्ने लक्ष्य राखेको छ । गण्डकीले राष्ट्रिय खेलकुदका स्वर्ण पदक जित्ने लक्ष्य राखेका भलिबल, बास्केटबल, कराते, आइटीएफ तेक्वान्दो, फुलकन्ट्याक्ट कराते र तेक्वान्दोका खेलाडीलाई 'हाइअल्टिच्यूड' प्रशिक्षण सञ्चालन गर्न लागिएको परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङले बताउनुभयो ।

# अर्जुन नेपाली स्मृति संगित पुरस्कार गायक पुरुषोत्तम न्यौपानेलाई प्रदान गरिने

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं

यस वर्षको अर्जुन नेपाली स्मृति संगीत पुरस्कारबाट बरिष्ठ लोक गायक पुरुषोत्तम न्यौपानेलाई प्रदान गरिने भएको छ ।

सल्लाहकार कृष्ण बहादुर श्रेष्ठको संयोजकत्वमा गठित पुरस्कार योग्य प्रतिभा चयन समितिको सिफारिसमा विगत तीन दशक बढी अनवरत रुपमा नेपाली लोक गीत संगीतको क्षेत्रमा क्रियाशिल भई देश विदेशमा कार्यक्रम गर्नुका साथै सम्मान तथा अभिनन्दन प्राप्त गरिसक्नुभएका लोक गायक पुरुषोत्तम न्यौपानेलाई यस पुरस्काबाट सम्मानित गर्ने निर्णय गरिएको छ बुधबार प्रकाशित प्रेस विज्ञप्ति मार्फत जानकारी गराइएको छ । वि.सं. २०६२ सालमा स्थापित अर्जुन नेपाली स्मृति संगीत पुरस्कारबाट हाल सम्म वरिष्ठ लोक गायीका विमा कुमारी दुरा, हिमाली सांस्कृतिक परिवार, वरिष्ठ लोक गायक प्रजापति पराजुली, संगीतकार वी.वी अनुरागी, गायक विवेक श्रेष्ठ, संगीतकार राजकुमार श्रेष्ठ, गायक खड्ग गर्बुजा र गायीका अजुदा थापा पुरस्कृत भईसक्नुभएको छ ।

हाल उक्त पुरस्कारको राशि नगद रु.१०,००० र सम्मान पत्र रहेको छ । संगीत प्रशिक्षण केन्द्रको स्थापनाकालिन संस्थापक, प्रशिक्षक स्व. अर्जुन नेपालीले केन्द्रमा भायोलिन प्रशिक्षण र अन्य प्रशिक्षण निःशुल्क गराउनुका साथै लामो समय केन्द्र र नेपाली संगीतको श्रीवृद्धिमा पुऱ्याउनु भएको योगदानको कदर स्वरुप केन्द्रको विशेष पहल र पछि पारिवारिक श्रोतबाट समेत कोष थप गरि प्रत्येक दुई दुई वर्षमा नेपाली संगीतको उत्थानमा योगदान पुऱ्याउनुहुने व्यक्ति वा संस्थालाई प्रदान गर्दै आइरहेको अर्जुन नेपाली पुरस्कारको इतिहास रहेको छ । पुरस्कारको अक्षयकोष राशि रु.२,००,५०५ रहेको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# मापदण्ड देखावटी नहोस्

नेपाली कांग्रेसले समानुपातिकबाट सांसद भएकालाई नदोहोऱ्याउने निर्णय गरेको छ।प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको कांग्रेस केन्द्रीय संसदीय समितिको बैठकले मापदण्ड तय गरेको छ।सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकले समानुपातिक उम्मेदवार छनोटका लागि आधार र मापदण्ड तय गरेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले सार्वजनिक गरेका छन्।कांग्रेस लगायतका प्रमुख दलले नेतालाई अनुकूलता हुने खोज्न थालेका छन् ।

कांग्रेसको पहिलो मापदण्डमा भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा कुनै पनि पदमा उम्मेदवार भएको व्यक्तिले प्रतिनिधि सभा र प्रदेश सभाको समानुपातिक तर्फको उम्मेदवार बन्न नपाउने भएको छ। समानुपातिकबाट पटकपटक फाइदा लिने तरमारालाई रोक्न खोजेको छ । २०७४ सालको निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभा समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित व्यक्ति पुनः समानुपातिकको उम्मेदवार हुन नपाउने भएका छन् । कांग्रेसको विधानको धारा ३३ (२) मा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा पार्टीको तर्फबाट समानुपातिक आधारमा यसअघि निर्वाचित भएको व्यक्ति समानुपातिक आधारमा पुनः प्रतिनिधि सभा र प्रदेश सभाको सदस्य पदमा पार्टीको तर्फबाट उम्मेदवार हुन नपाउने व्यवस्था रहेको कांग्रेले जनाएको छ।सधैँ नेताको खल्तीबाट सांसद बनेकालाई रोक्न सकेमा विधि बन्न सक्छ ।

त्यसैका आधारमा यसअघि प्रतिनिधि सभामा समानुपातिक तर्फबाट निर्वाचित भएको व्यक्ति प्रदेश सभामा र प्रदेश सभामा समानुपातिक तर्फबाट निर्वाचित भएको व्यक्ति प्रतिनिधि सभामा समेत समानुपातिकतर्फबाट उम्मेदवार हुन नपाउने कांग्रेसले निर्णय गरेको छ। तर, प्रतिनिधि सभा र प्रदेश सभाको प्रत्यक्षतर्फ भने उम्मेदवार हुन पाउनेछन्। समानुपातिकबाट अवसर पाएकाले प्रत्यक्ष निर्वाचन लड्ने क्षमताको विकास गर्दछन । तेस्रोमा, उम्मदेवार चयन गर्दा पार्टीको विभिन्न तहबाट विधान बमोजिम उम्मेदवारको लागि भएको सिफारिश, व्यक्तिको योग्यता, नैतिकता, कार्यक्षमता, लोकतान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदान, पार्टीको विभिन्न तह र क्षेत्रमा गरेको योगदानको साथै पार्टीलाई लोकप्रिय मत थप गर्न सक्ने आधारलाई समेत विशेष ध्यान दिइने भएको छ । यो सबै देखाउनका लागि मात्र भएको छ।जस्ले धेरै चन्दा दिन सक्यो उसैलाई दिने गरेको हुँदा यो मापदण्ड अनुसार हुन्छ भनेर पत्याउन सकिदैन ।

चौथोमा, कांग्रेसको विधानको धारा ३३ (३) मा उल्लेखित आधारलाई ध्यान दिँदै प्रतिनिधि सभा निर्वाचन क्षेत्र र प्रदेश सभा निर्वाचन क्षेत्र दुवैमा समानुपातिक तर्फको उम्मेदवारको निर्णय गर्दा सम्बन्धित प्रत्येक निर्वाचन क्षेत्रबाट न्यूनतम एक जना उम्मेदवार तोकिने भएको छ। उम्मेदवार छनोट गर्दा संविधानको धारा ८४ र धारा १७६ तथा संघीय कानूनले निर्दिष्ट गरेको जातीय, लैगिक समावेशिताका साथ भौगोलिक तथा प्रादेशिक सन्तुलन, उमेर समूहको सन्तुलनको समेत ख्याल गरिने कांग्रेसको निर्णयमा उल्लेख छ। कांग्रेसको निर्णय नेकपा एमालेसँग मिल्दोजुल्दो छ।एमालेले स्थानीय तहको निर्वाचनमा उमेदवार भएका , निर्वाचित जनप्रतिनिधि र राष्ट्रिय सभाका सदस्यलाई सकभर उमेदवार नबनाउने निर्णय गरेको छ।समानुपातिकबाट सांसद भएकालाई नदोहोऱ्याउने निर्ण गरेको थियो ।अवसरको न्यायोचित वितरण हुने भनिए पनि नेताले चाहे सम्म पाउने परिपाटी कायम रहदा सम्म जे मापदण्ड बनाएपनि देखावटी मात्र हुनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# आनन्दमार्गको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

आनन्दमार्ग प्रचारक संघ नेपालको केन्द्रीय अध्यक्षमा पोखराको नागरिक समाजका अगुवा विष्णु प्रसाद बराल निर्वाचित हुनुभएको छ । संघको हेटौडामा सम्पन्न भएको अधिवेशनबाट बराल सर्वसम्मत रुपमा अध्यक्षमा चयन हुनुभएको हो ।

अधिवेशनमा मुलुकभरबाट १ सय ५० प्रतिनिधिको सहभागिता रहेको थियो । अध्यक्ष बरालका अनुसार दार्शनिक तथा विचारक आनन्दमूर्तिद्वारा प्रतिपादित आनन्दमार्गमा आध्यात्म र आधुनिक विज्ञानको संगम रहेको छ ।

आत्माको मुक्ति र जगतको सेवा गर्ने मुल मर्म रहेको यो दर्शनको प्रचारप्रसार गर्ने उद्देश्यले नेपाल भारत लगायत विश्वका १ सय ६० देशमा संगठन विस्तार भएको बहाँले जानकारी गराउनु भयो ।

# साफ यू-१९ च्याम्पियनशिप फुटबल : नेपाल र भारत उपाधिका लागि भिड्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**

श्रीलङ्कामा भइरहेको पुरुष साफ यू-१७ च्याम्पियनशिप फुटबलको उपाधिका लागि नेपाल र भारत भिड्ने भएका छन् । श्रीलङ्काको कोलम्बोस्थित रेसकोर्स मैदानमा फाइनल खेल राति ८:१५ बजे हुनेछ ।

सेमिफाइनल खेलमा आयोजक श्रीलङ्कालाई ६-० गोलअन्तरले पराजित गर्दै नेपालले फाइनलमा स्थान बनाएको हो । यसैगरी भारत सेमिफाइनलमा बङ्गलादेशलाई २-१ गोलअन्तरले हराउँदै फाइनलमा पुगेको हो । भारतलाई पराजित गर्दै प्रतियोगिताको च्याम्पियन बन्ने लक्ष्यका साथ नेपाली टोली मैदानमा उत्रनेछ । नेपाली टोलीलाई उपाधि उचाल्न सहज भने हुने छैन । साविक विजेता भारतको दाउ पनि नेपाललाई हराएर उपाधि रक्षा गर्ने रहेको छ । नेपाली टोलीका मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले भारतविरुद्धको खेलमा विजयी भइ च्याम्पियन बन्ने लक्ष्य रहेको बताए । यसअघि समूह चरणको खेलमा नेपालले भारतलाई ३-१ गोलअन्तरले पराजित गरेको थियो । नेपाल अपराजित रहँदै फाइनल पुगेको हो ।

# दुई बालिकालाई बलात्कारको कसुरमा १९ वर्ष कैद

**पोखरापत्र संवाददाता**
**दमौली, ३० भदौ**

तनहुँको भानु नगरपालिका-३ माभीवनका १३ र १७ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको अभियोगमा एक युवालाई १९ वर्ष कैद फैसला भएको छ ।

तनहुँ जिल्ला अदालतले भानु नपा-३ माभीवनका ३३ वर्षीय रमेश तामाङलाई १९ वर्ष कैद र दुवै पीडित बालिकालाई एक/एक लाख क्षतिपूर्ति दिने फैसला सुनाएको छ । जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको आजको इजलासले उक्त दुई वटा छुट्टाछुट्टै बलात्कारको मुद्दामा तामाङलाई दोषी ठहर गर्दै क्रमशः १९ वर्ष र १६ वर्ष छ महिना कैद र क्षतिपूर्तिको फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी हरिशचन्द्र गौतमले जानकारी दिनुभयो । दुई मुद्दामा एकैजना अभियुक्त भएको र घटना एकैदिन भएको तथा दुवै मुद्दामा दोषी ठहर भएको हुँदा अधिकतम १९ वर्ष सजायको थप पाँच वर्ष कैद बस्नुपर्ने गौतमले बताउनुभयो ।

उक्त फैसलाअनुसार तामाङ २५ वर्ष कैद बस्नुपर्ने हुन्छ । तामाङले विसं २०७७ असार ३० गते सुस्तमनस्थिति भएका दुई बालिकालाई बलात्कार गरेको भन्दै पीडितका परिवारले सोही दिन इलाका प्रहरी कार्यालय भानु मुकाम डुम्रेमा उजुरी दिएका थिए ।

उजुरीपश्चात् प्रहरीले सोही दिन तामाङलाई पक्राउ गरेको थियो । तामाङ जिल्ला अदालतको आदेशमा विसं २०७७ साउन २४ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका थिए ।

# अर्जुनचौपारीमा मुक्तिनाथ बैंकको वित्तीय साक्षरता

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २९ भदौ**

मुक्तिनाथ विकास बैंक अर्जुनचौपारी शाखाले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बैंक अन्तगत लघुवित्त विभागमा आवद्ध महिला सदस्यहरुको सहभागितामा अर्जुनचौपारी बजारमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको हो ।

वित्तीय साक्षरतामा सहभागि महिला सदस्यहरुलाई सम्बोधन गर्दै गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले मुक्तिनाथ विकास बैंकको लगानीमा ग्रामीण क्षेत्रका महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्दै गएको बताए । महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर भएमात्रै परिवारका सदस्यहरु खुसि र सुखि हुने अध्यक्ष तिवारीले बताए ।

वित्तीय साक्षता कार्यक्रममा बोल्दै मुक्तिनाथ विकास बैंकका समावेशी बैंकिङका प्रमुख विजय गुरुङले मुक्तिनाथ बैंकले स्थापना कालदेखि ग्रामीण भेगमा बसोबास गर्ने महिलाहरुको आर्थिक विकासमा लगानी गर्दै आएको बताए । उनले महिलाहरुलाई आत्मनिर्भर बनाउन बैंकले समयसापेक्ष रुपमा लगानी बृद्धि गर्दै जाने सुनाए ।

कार्यक्रममा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष नारायण ढकाल, मुक्तिनाथ विकास बैंकका उप-क्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख नविन काफ्ले, अनुगमन अधिकृत बालकृष्ण रेग्मीले व्यवसाय बृद्धि गर्न बैंकले सबै क्षेत्रका व्यवसायीसँग हातेमालो गर्ने बताए । त्यस अवसरमा मुक्तिनाथ कृषि कम्पनी क्षेत्रिय कार्यालय पोखराका प्रमुख भुमीराज भण्डारीले बैंकसँगै कृषि कम्पनी मार्फत मुक्तिनाथले आयात निरुत्साहित गर्न उत्पादनमा जोड दिएको बताए । मुक्तिनाथ कृषि कम्पनीले कृषिमा आधुनिकीरण गर्नका लागि कृषकसँग सहकार्य गर्दै अगाडी बढ्ने योजना बनाएको प्रमुख भण्डारीले बताए ।

वित्तीय साक्षरता कार्यक्रम ४४ नं. का केन्द्र प्रमुख तथा गाउँपालिकाका उपाध्यक्ष सपना गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सौराज अर्यालले गरेका थिए । कार्यक्रममा स्वागत तथा बैंकको प्रगति प्रतिवेदन शाखाका प्रमुख निर्मल मरासिनीले प्रस्तुत गरेका थिए । मुक्तिनाथ विकास बैंक अर्जुनचौपारी शाखामा १ सय १९ महिला समूहमा झण्डै ३ हजार महिलाहरु आबद्ध छन् । बैंक मार्फत करिब १९ करोड ऋण लगानी भएको बैंकले जनाएको छ । बैंकले पुतलीबजार र भीरकोट नगरपालिका तथा अर्जुनचौपारी, आँधीखोला गाउँपालिका र पर्वतको महाशिला गाउँपालिकामा सेवा प्रबाह गर्दै आएको छ।

# बागलुङ बजारवासीलाई शुद्ध खानेपानी चाँडै

**रासस**
**गलकोट, २९ भदौ**

अशुद्ध र अपर्याप्त खानेपानीको समस्या भोग्दै आएको बागलुङ बजारवासीले आगामी पुसभित्रै शुद्ध खानेपानी पाउने भएका छन् ।

बर्खाको समयमा बागलुङ बजारमा धमिलो दूषित पानी वितरण भइरहँदा यहाँका नागरिक खानेपानी वितरणको जिम्मा पाएको बागलुङ नगर खानेपानी तथा उपभोक्ता संस्थाप्रति आक्रोशित छन् । अहिले बागलुङ बजारमा मागको आधा मात्रै पानी बागलुङको काठेखोला गाउँपालिकास्थित रेशं र लेखानी खोलाबाट ल्याइएको छ । तर ढाढाबाट पानी ल्याउँदा पहिराका कारण पानीको वितरणसमेत अनियमित हुने र बर्खाको समयमा हप्तौँसम्म खानेपानी वितरण नहुँदा खानेपानीको हाहाकार हुँदै आएको छ । अहिले वितरण भइरहेको खानेपानीको प्रशोधन गृह छैन सोही कारण सोभै मुहानको पानी वितरण गर्दा पानीमा कोलिफर्म भेटिएको परीक्षणका क्रममा पाइएको छ । बागलुङ बजारको खानेपानी समस्या आजको भने हैन, वर्षौदेखिको हो। ठूलो लिफ्ट आयोजना २०७५ असारदेखि निर्माण थालिएको हो । आयोजनाले बजारमुनि रहेको काठेखोलाको पानी लिफ्टमार्फत रातमाटामा तानेर शुद्धिकरण गरेर वितरण गर्नेछ । ढिलोगरी निर्माण भइरहेको लिफ्ट खानेपानी आयोजनाको काम पछिल्लो समय द्रुत गतिमा छ । बागलुङ नगर खानेपानीको नयाँ लिफ्ट आयोजना सम्पन्न सँगै शुद्धिकरण गरेको पानी वितरणको तयारीमा नगर खानेपानी छ । पुसमा परीक्षणको पानी बागलुङ बजारमा पुऱ्याउने निर्माण व्यवसायीको लक्ष्य छ । अहिले पूर्वाधारको काम सम्पन्न भइसकेको र मोटर जडानका लागि विद्युतिकरण गर्ने काम भइरहेको इन्जिनियर विक्रम अधिकारीले बताउनुभयो । "थप गरेको म्याद माघ मसान्तसम्म मात्रै छ, लगभग श्रमिकको काम सम्पन्न भइसकेको छ, अबको काम प्राविधिकको मात्रै छ, पानीको पाइपलाइन विस्तारको तयारी छ भने विद्युतका लागि ट्रान्सफर्मर आइसकेको र विद्युत लाइनसमेत विस्तारको काम भइरहेको छ," उहाँले भन्नुभयो, "आउन बाँकी मोटर मात्रै हो, मोटर जोड्नका लागि कात्तिकसम्म समय लाग्छ ।" मोटर सञ्चालनका लागि ६३० केभिएको ट्रान्सफर्मरसमेत आइसकेको छ । काठेखोलाको पानी शुद्धिकरण गरेर लिफ्टमार्फत बागलुङ बजार ल्याउने आयोजनाको काम अन्तिम चरणमा छ । निर्माण व्यवसायीका अनुसार योजनाको प्रगति ८५ प्रतिशत पूरा भएको छ । खानेपानीको समस्या भएपछि बागलुङ बजारका उपभोक्ता पानी ल्याउन उपल्लाचौरको अम्बोट, तित्याङ र सुलडाँडा पुग्ने गरेका छन् । अधिकतम प्रयास गर्दासमेत बागलुङ बजारवासीलाई वितरण गरेको पानीमा केही सुधार आए पनि शुद्धिकरण नै गरेको पानी नयाँ आयोजना सम्पन्न नहुँदासम्म खुवाउन समस्या हुने बागलुङ नगर खानेपानी तथा उपभोक्ता संस्थाका प्रबन्धक हिमालप्रसाद शर्माले जानकारी दिनुभयो ।

बागलुङ नगरपालिका-३ काठेखोलामा निर्माणाधीन खानेपानी आयोजनाको काम निर्माण सुरु भएको चार वर्षमा बल्ल अन्तिम चरणमा छ । नगरपालिकामा चौबिसै घण्टा शुद्ध खानेपानी वितरण गर्ने उद्देश्यले खानेपानी तथा ढल व्यवस्थापन विभाग र स्थानीय साझेदारीमा चार वर्षअघि आयोजना सुरु भएको थियो । दुई वर्षमा सम्पन्न गर्ने गरी २०७५ असारमा रु ३२ करोड २५ लाखको लागतमा कन्काई जयमाता जेबीले ठेक्का सम्झौता गरी निर्माण थालेको थियो । कोरोना र आयोजना निर्माण स्थलमा भौगोलिक बनावट कमजोर भएका कारण निर्माणमा ढिलाइ भएको निर्माण व्यवसायीको भनाइ छ ।

काठेखोलाको पानी पाँचवटा समवेयलमार्फत आयोजना स्थलमा खानेपानी सङ्कलन र प्रशोधनपश्चात् खानेपानी रातमाटा पुऱ्याइनेछ । बागलुङ बजारमा काठेखोला गाउँपालिकाको रेशं, भूदी र रिठेखोलाको पानी वितरण हुँदै आएको छ । नगरपालिकाको जनसङ्ख्या वृद्धि भएपछि खानेपानीको समस्या बढ्दै जाँदा काठेखोलाको पानी लिफ्टमार्फत तानेर प्रशोधन गरी वितरण गर्ने उद्देश्य यस आयोजनाको छ।

# पूरा हुँदै पोखरेलीको पानी पिउने सपना

**–हरिप्रसाद बाँस्तोला**
**पोखरा, २९ भदौ (रासस)**

पर्यटकीय नगर पोखरा सहरका बासिन्दाले शुद्ध खानेपानीको उपयोग गर्न पाउने भएका छन् ।

बहुप्रतिक्षित पोखरा खानेपानी सुधार आयोजनामार्फत पोखरेली उपभोक्ताको घरघरमा शुद्ध खानेपानीको सुविधा पुग्ने भएको हो । जापान अन्तर ष्ट्रिय सहयोग नियोग (जाइका) को रु चार अर्ब ८१ करोडको अनुदान सहयोगमा विसं २०७६ देखि सञ्चालित सो आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेसँगै पोखरेली उपभोक्ताको शुद्ध खानेपानीको सपना पूरा हुने भएको हो । हाज्मा एण्ड कर्पोरेशन जापानले आयोजना निर्माणको जिम्मा लिएको हो ।

मर्दीखोलाको धमिलो पानी प्रयोग गर्दै आएका पोखरेलीका लागि मुहानदेखि नै शुद्धीकरण गरेर धाराबाट सिधै पिउन सकिने पानी पुऱ्याउने आयोजनाको लक्ष्य छ । पानी शुद्धीकरणका लागि पाइपलाइन विस्तारसँगै मर्दी मुहानमा ग्रिड च्याम्बर, सेडिमेन्टेशन ट्याङ्की र स्लोस्याण्ड फिल्टर निर्माण गरिएको छ । सोको काम अन्तिम चरणमा पुगेको आयोजनाका इन्जिनियर सन्तोषकुमार दासले जानकारी दिनुभयो । "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डअनुसार प्रशोधन गरिने आयोजनाअन्तर्गत पानीको मुहान मर्दीखोलाबाट ल्याइएको पानी पुरुन्चौरमा निर्माण गरिएको ट्रिटमेण्ट प्लान्टमा शुद्धीकरण गरिनेछ", उहाँले भन्नुभयो, "उक्त ट्रिटमेन्ट प्लान्टबाट प्रशोधित पानी पोखरा-२ मिरुवामा रहेको संस्थानको ट्याङ्कीमा जडान गरिएको छ । इन्जिनियर दासका अनुसार मुहान निकटमा ग्रिट च्याम्बर र दैनिक चार करोड २० लाख लिटर प्रशोधन क्षमताको सेडिमेन्टेशन ट्याङ्कीमा जडान गरिने पानीलाई नदीजन्य वस्तु (बालुवा, ढुङ्गा, लेदो, काठका टुक्रा, झारपात) लगायतका फोहर हटाएर शुद्धीकरण गरिएको पानी पुरुन्चौरमा निर्माण गरिएको फिल्टरमा लगिने छ । मुहानको पानी सिधै धारामा आउँदा उपभोक्ताको स्वास्थ्यमा समेत असर गर्ने र नदीजन्य वस्तु पाइपमा भरिनुका साथै फ्रेवलमा बुभिन जाँदा सडक खन्ने र खानेपानी संस्थानको गाडीमार्फत पाइप सफा गर्ने झन्झटबाट उपभोक्तालेे मुक्ति पाउने छन् । उक्त स्थानमा थप पानी छान्ने फिल्टर, दुईवटा सफा पानी सङ्कलन ट्याङ्की र क्लोरिनेसन प्लान्ट निर्माण गरिएको छ । पानीको मुहान मर्दीबाँधदेखि विन्दवासिनी सङ्कलन ट्याङ्कीसम्म साढे एघार किमीको दूरीमा छ । जुन मदी मुहानबाट २० इन्चीको पाइप ल्याइएको छ भने अर्को १६ इन्चीको पाइप साढे पाँच किलोमिटरको दूरीमा अमला बिसौनीको ट्याङ्कीमा सङ्कलन गरिएको छ । शुद्धीकरण गरिएको पानी जम्मा गर्न पोखरा-११ फूलबारी, वडा नं ५ पर्स्याङ र वडा नं १५ कोलपाटनमा २०/२० लाख लिटर क्षमताका तीन वटा रिजर्भवायर ट्याङ्की निर्माण गरिएको छ । फूलबारी र पर्स्याङको रिजर्भवायर ट्याङ्की निर्माण सम्पन्न भइसकेका छन् भने प्राविधिक कारणले कोलपाटनको ट्याङ्की रोकिएको इन्जिनियर दासको भनाइ छ । हालसम्म आयोजनाको ८८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । वर्षाका कारण केही समय निर्माण कार्य रोकिए पनि हाल निर्माणले गति लिएको छ। सन् २०२२ डिसेम्बरसम्ममा आयोजना सम्पन्न गरी हस्तान्तरण गर्ने सम्झौतामा उल्लेख छ । आयोजनाको सम्झौताअनुसार बजार क्षेत्रको सय किलोमिटर पाइप लाइन विस्तार कार्यमध्ये ८५ किमीभन्दा बढी विस्तार भइरहेको छ भने बाँकी १५ किमी सडक कार्यालय र महानगरअन्तर्गतको सडक खन्ने अनुमतिको पर्खाइमा रहेको उहाँको भनाइ छ । प्राविधिक समस्याले रोकिएका बाहेक आयोजनाका अन्य काम अन्तिम चरणमा छन् । आयोजना सम्पन्न भएपछि वितरण प्रणालीमा सुधार हुने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, "शुद्ध पानी उपभोक्ताका घरघरमा पुग्नेछ, पाइप विस्तारका लागि सडक खन्ने समस्या देखिएका स्थानमा सम्बन्धित निकायसँग समन्वय भइरहेको छ ।

# घरगोठ मासेर स्वास्थ्य चौकीलाई जग्गा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ भदौं**

"घाउ चहराएर आएका नागरिकले मेरो जग्गामा आएर मल्हम लगाउन पाउन, मलाइ यहाँभन्दा ठूलो सन्तुष्टि केही छैन, यो नै मेरा लागि ठूलो धर्म हो", बागलुङ नगरपालिका-७ स्थित मुलपानी स्वास्थ्य चौकीको भवन शिलान्यास समारोहमा मङ्गलबार जग्गा दाता ८२ वर्षीय मेघराज पाण्डेले बोलेको मार्मिक शब्द हो यो ।

उहाँले स्वास्थ्य चौकीको जग्गा अभावकै कारण भवन बन्न नसकेपछि आफ्नै घरगोठ भएको जग्गा स्वास्थ्य चौकीका नाममा दिनुभएको छ । आफ्नो जीवन अध्यापनमै बिताउनुभएका पाण्डेयले ऊर्जाशिल समय त्यही स्वास्थ्य चौकीको भवन शिलान्यास गरिएको जग्गामा रहेको आफ्नो मुल घरमा बिताउनुभयो ।

सोही जग्गामा हुर्केर छोराछोरी लालन पालन गर्दै त्यहीँको विद्यालयमा अध्यापन गराउनुभएका पाण्डेले २०५४ सालमा अवकासपछि मात्रै बागलुङ बजारमा बसाइँसराइँ गर्नुभएको थियो । "जुन जग्गामा आज स्वास्थ्य चौकीको भवन बन्नका लागि शिला राखियो त्यही जगमा मेरो जन्म घर थियो, घर अलि पहिल्यै भत्कियो तर गोठ स्वास्थ्य चौकीको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने क्रममा भत्केछ, मलाई आफ्नो घर गोठभन्दा स्वास्थ्य चौकी ठूलो हो", जग्गा दाता पाण्डेले भन्नुभयो ।

पाण्डेले नौ रोपनी जग्गामा फैलिएको जग्गामध्ये स्वास्थ्य चौकीलाई आवश्यक चार रोपनी जग्गा दिएपछि भवन निर्माण थालिएको हो । उहाँले स्वास्थ्य चौकीलाई आवश्यक परे अन्य जग्गासमेत प्रयोग गर्न दिने आश्वासन दिनुभयो ।

मूलपानीको कालीमाटीबाट साँघुरो जीर्ण भवनबाट सेवा दिँदै आएको स्वास्थ्य चौकीको नयाँ भवन बनाउनका लागि बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले शिलान्यास गर्नुभएको हो । शिलान्यासपछि जग्गादाता मेघराज पाण्डेलाई उपप्रमुख खड्काले नगरपालिकाका तर्फबाट सम्मानसमेत गर्नुभएको थियो ।

रु एक करोड ७० लाखमा जुम्ली निर्माण सेवाले मुलपानी स्वास्थ्यचौकी निर्माण लागि २०७९ वैशाख २२ गते ठेक्का सम्झौता गरेको थियो । आगामी २०८० वैशाख १९ गतेभित्रै भवन निर्माण सक्ने गरी निर्माण कम्पनीले स्वास्थ्य चौकीको भवनका लागि पिल्लर राख्ने काम गरिरहेको छ । अहिले मुलपानी स्वास्थ्य चौकीले तीनकोठे जीर्ण भवनबाट सेवा दिँदा असहज भएकाले नयाँ भवनसँगै सेवामा वृद्धि गर्न सकिने मुलपानी स्वास्थ्य चौकीका इन्चार्ज महेन्द्र शर्माले जानकारी दिनुभयो ।

नागरिकको स्वास्थ्य सेवाका लागि साँघुरो र अपायक पर्ने जग्गाबाट स्वास्थ्य सेवा दिइरहेपनि हाल कालिमाटी गाउँको सडक छेउमै भवन बन्न थालेकाले नागरिकलाई सहज हुँने वडाअध्यक्ष मेघराज शर्माले जानकारी दिनुभयो ।



पोखरा महानगरपालिका-२२ स्थित पुम्दीभुम्दी कृषि सहकारी संस्थाले गरेको सामूहिक बाख्रापालन । सहकारीले ८० वटा बाख्रा पाल्ने लक्ष्यका साथ एक महिना अघिदेखि बाख्रापालन सुरु गरेको हो । तस्बिर : वासुदेव पौडेल/रासस

# पाँच दशक पुरानो पुस्तकालय अब वृद्ध प्रतीक्षालयमा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २९ भदौं**

म्याग्दीको धौलागिरि गाउँपालिका-७ ताकममा रहेको पाँच दशक पुरानो ऐतिहासिक अन्नपूर्ण पुस्तकालय जीर्ण बनेपछि वृद्ध प्रतिक्षालयको एउटा कोठामा सारिएको छ ।

कठोर पञ्चायती व्यवस्थाविरुद्ध जनतालाई सचेत बनाउने र प्रजातन्त्र प्राप्तिका लागि उत्साहित गराउने उद्देश्यले महायज्ञ लगाइ त्यसबाट सङ्कलन भएको धान र नगद सङ्कलन गरेर स्थानीयले २०२५ सालमा सो पुस्तकालय निर्माण गरेका थिए । विसं २०२५ सालमा निकै चुनौतिका साथ सिडिओ कार्यालयमा दर्ता गरी स्थापना गरिएको पुस्तकालयमा लाखौँ मूल्यका निकै महत्वपूर्ण पुराना ग्रन्थ, इतिहास, राजनीति, साहित्य, अध्यात्म, आयुर्वेद, ज्योतिषलगायत विभिन्न विषयका निकै महत्वपूर्ण किताबको सुरक्षाका लागि हाललाई वृद्ध प्रतिक्षालयको कोठामा सारिएको र भवन निर्माण गर्ने श्रोत जुटेपछि पुस्तकालय पुनःनिर्माण गरिने पुस्तकालयका सचिव एवम् स्थानीय अगुवा युवा गोपाल आचार्यले जानकारी दिनुभयो ।

पुस्तकालय जीर्ण भएपछि मुसा तथा चमेराको क्रिडास्थल बनेको र अमूल्य पुस्तकहरूको जतन गर्नका लागि तत्काललाई पुस्तक अन्यत्रै सारिए पनि पुस्तकालयको नयाँ भवन निर्माणका लागि पहल भइरहेको उहाँको भनाइ छ । आचार्यका अनुसार तत्कालीन समयमा स्थानीयवासीले राणा शासनको अन्त्य भएपछि पनि पञ्चायती व्यवस्थाले जनताका अधिकार कुण्ठित गरेकाले जनतालाई सूचित गराइ शिक्षाको ज्योति गाउँभरी फैलाउने उद्देश्यले पुस्तकबाट सञ्चालन गरिएको थियो । यसरी सञ्चालन गरिएको पुस्तकालयलाई जिल्लाकै ठूलो र नमूना बनाउन भद्रकला सुवेदीले सञ्चालन गरेको महायज्ञमा सङ्कलन भएको धान र नगदबाट विश्वभरका चर्चित पुस्तकसहित नेपाली राजनीति, सामाजिकसहित विभिन्न पक्षलाई समेटेका पुस्तक राखिएको भए पनि अहिले धेरै पुस्तक चोरी भएका छन् ।

तत्कालीन समयमा ठूलो रकम र जनशक्तिको प्रयोग गरी स्थापना गरिएको पुस्तकालय संरक्षण तथा यूवाको सक्रियता नहुँदा जीर्ण भएको स्थानीय वुद्धिजीवि खुमनाथ सुवेदीले बताउनुभयो । पुस्तकालय स्थापनापछि पञ्चायकालसमेतमा क्रान्ति र विभिन्न राजनीतिक सम्बन्धित पुस्तक जफत गरिएको थियो भने माओवादी जनयूद्धका क्रममा माओवादी नेताले क्रान्तिकारी सम्बन्धित पुस्तक लैजाने र पुस्तकालयमै पुगेरसमेत पढ्ने गरेका सुवेदीले जानकारी दिनुभयो ।

मन परेका र बजारसमेतमा नपाइने पुस्तक पाठकले लगे पनि फिर्ता नगरेपछि विस्तारै पुस्तकको सङ्ख्यासमेत घट्दै जान थालेको छ । पुस्तकालयलाई नियमित बनाउन साहित्य र शैक्षिक क्षेत्रमा सक्रिय रहेका ताकमबासीले चासो देखाए पनि त्यसलाई नियमित सञ्चालन गर्न स्रोत र जनशक्तिको समेत अभाव भएकाले सफल हुन सकेको छैन । गाउँका बूढापाकाले फुर्सदको समयमा पुस्तकालयको प्रयोग गर्ने इच्छा जनाए पनि भवन जीर्ण हुनुका साथै त्यहाँ भित्र रहेका फर्निचरसहित पुस्तक राख्ने ऱ्याकसमेत भाँचिएको अवस्थामा रहेकाले वृद्धवृद्धाको चाहनासमेत अधुरो रहेको थियो । अहिले प्रतिक्षालयको भवनमा सारिएपछि जेष्ठ नागरिक भेला भएर धर्मशास्त्र र आध्यात्मिक पुस्तक पढ्ने गरेका आचार्यले बताउनुभयो ।

यद्यपि नयाँ पुस्तकालय भवन निर्माणका लागि केही युवा भने लागि परेका छन् । युवाकै पहलमा गाउँपालिकाले चार कोठे भवन निर्माणका लागि बजेटको व्यवस्थासमेत गर्ने प्रतिबद्धता जनाएपछि पुस्तकालयको जग भने राखिएको छ । पुस्तकालयको नयाँ भवन निर्माण नहोउन्जेसम्म वृद्ध प्रतिक्षालयको भवनबाट नै पुस्तकालय सञ्चालन हुने आचार्यले जानकारी दिनुभयो ।

# पर्यटकीयस्थल टोड्केमा सिद्धबाबा पार्क

**पोखरापत्र संवाददाता**
**बेनी, २९ भदौं**

म्याग्दीको पर्यटकीय स्थल टोड्केमा सिद्धबाबापार्क निर्माण गरिएको छ । रघुगंगा र मंगला गाउँपालिका तथा बेनी नगरपालिकाको सिमा क्षेत्र समेटिएको पर्यटकीय टोड्केको भ्रमणमा जाने पर्यटकहरूलाई लक्षित गरि रघुगंगा गाउँपालिकाले पार्क निर्माण गरेको हो ।

पर्यटन विभागको पर्यटन उपज साझेदारी कार्यक्रम अन्तरगत गाउँपालिका र विभागको साझेदारीमा रघुगंगा गाउँपालिका वडा नं. ५ झिँको सिद्ध सामुदायिक वनमा उक्त पार्क निर्माण गरिएको हो । विभागको रु ७० लाख र गाउँपालिकाको रु ३१ लाख गरि रु १ करोड १ लाख लागत अनुमानको उक्त योजनामा खुसीहोम विल्डर्सले रु ६६ लाख ३२ हजार ८७ लाखमा ठेक्का सम्झौता गरेर पार्कको पूर्वाधार निर्माण गरेको हो । पार्क निर्माणको ७५ प्रतिशत भौतिक प्रगति भएको रघुगंगा गाउँपालिकाका इन्जिनियर सुदिप गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार, पार्कमा ४ वटा विश्रामस्थल, एक वटा फाउन्टेन र एक वटा भवन (घर) निर्माण गरिएको छ । जङ्गलको बिचमा खाली रहेका ठाउँहरूलाइ उपयोग गरि पदमार्ग समेत निर्माण गरिएको छ । पार्कभित्रको पदमार्गमा ढुंगाको सिँढी संगै ढुंगा छपाउने तयारी गरिएको छ । पार्कभित्र मात्रै १८२ मिटर पदमार्ग निर्माण हुनेछ ।

झिँ गाउँदेखि पार्कसम्म जाने पदमार्ग समेत निर्माण गरिएको छ । महेन्द्र मावि झिँ देखि २४० मिटर रेलिङ सहितको पदमार्ग निर्माण सम्पन्न भैसकेको छ । पार्कभित्र ढुंगाका छपनी विच्छाउने, पार्क परिसरमा फुल प्रजातिका विरुवा रोपण र पार्कसम्म जाने पदमार्ग अन्तरगत भिरकुनामा प्रतिक्षालय बनाउने काम बाँकी रहेको वडा अध्यक्ष मनबहादुर शेरमञ्जाले जानकारी दिनुभयो । "झिँदेखि पार्क हुँदै टोड्के मोटरबाटो र पदमार्ग दुबैले जोडिएको छ, पार्कका पूर्वाधार बनेसंगै पर्यटकहरू थप आकर्षित भएका छन्, जंगलभित्रको पार्क शान्त वातावरणमा मनोरञ्जन लिनेहरूको लागि आकर्षणको केन्द्र बन्न थालेको छ"-वडा अध्यक्ष शेरमञ्जाले भन्नुभयो । झिँलाई रघुगंगाले साँस्कृतिक गाउँ घोषणा गरेको छ । गाउँमा पर्यटक लोभ्याउनका लागि साँस्कृतिक पार्क समेत निर्माण सुरु गरिएको छ । यस क्षेत्रको भ्रमणमा जाने पर्यटकहरूको सुविधाको लागि झिँमा होमस्टे (घरवास) र टोड्केमा निजी क्षेत्रबाट रिसोर्ट सञ्चालनमा रहेको छ ।

समुद्री सतहदेखि दुई हजार ३८० मिटरको उचाईमा अवस्थित टोड्केबाट धौलागिरि र अन्नपूर्ण हिमशृङ्खलाका आधा दर्जन हिमालहरूलाई अवलोकन गर्न सकिन्छ भने सुर्योदय, गुँरासे जंगल, पहाडी भुगोल र ग्रामिण मगर संस्कृतीको अवलोकनका हिसावले महत्वपूर्ण पर्यटकीय स्थलको रूपमा परिचित छ । रघुगंगा गाउँपालिकाको अगुवाईमा टोड्केमा फुटवल समेतको बहुउद्देश्यीय हाईअल्टीच्युट खेल मैदान निर्माण थालनी भएको छ । टोड्केमा वनभोज पार्क, टोड्के तपोभुमी शिवालय घेरावार, पार्क कम्पाण्ड, शौचालय र खानेपानी निर्माण लगायतका पूर्वाधारहरू निर्माण समेत गरिएको छ ।

# नवौँ राष्ट्रिय खेलकुद : सार्वजनिक भयो खेलस्थल र तालिका

**-वासुदेव पौडेल/कृष्ण दवाडी**
**पोखरा, २९ भदौं (रासस)**

गण्डकी प्रदेशमा तय भएको नवौँ राष्ट्रिय खेलकुद आउन ठिक एक महिना बाँकी छँदा प्रतियोगिताअन्तर्गतका ३६ खेलका खेलस्थल सार्वजनिक गरिएको छ । प्रदेशको राजधानी सहर पोखरालाई मुख्य आयोजनास्थल मान्दै प्रदेशका सात जिल्लामा खेल खेलाउने टुङ्गो लगाइएको हो । खेलस्थल र खेलतालिका सार्वजनिकसँगै प्रतियोगिता मुख्य आयोजनास्थल पोखरामा राष्ट्रिय खेलकुदको सरगर्मी बढेको छ ।

खेल स्थल सार्वजनिक गर्न निर्धारित समयभन्दा केही ढिलाइ भएकामा आज राष्ट्रिय खेलकुद परिषद्ले पोखरामा एक कार्यक्रम आयोजना गरी सबै खेलका खेलस्थल र खेल तालिका सार्वजनिक गरेको हो ।

आगामी असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म हुने प्रतियोगिताका लागि कास्कीसहित स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बाग्लुङमा खेलस्थल तोकिएको छ । गण्डकीका सबै जिल्लामा राष्ट्रिय खेलकुदअन्तर्गत कम्तीमा एक खेल खेलाउने भनिए पनि अन्तिममा आएर तनहुँ, लमजुङ, मनाङ र मुस्ताङमा खेल नहुने भएको छ । नवौँ राष्ट्रिय खेलकुदअन्तर्गत एथलेटिक्स, महिला क्रिकेट र ब्याडमिन्टन पोखरा रङ्गशालामा खेलाइनेछ । पुरुष फुटबल, टेनिस, बक्सिङ, भलिबल पुरुष, जिम्नष्टिक, ह्याण्डलबल पुरुष तथा महिला, सफ्ट टेनिस, स्क्वास र उसुको प्रतियोगिता पोखरा रङ्गशालमा हुने राष्ट्रिय खेलकुद परिषद्का सदस्य एवं प्रतियोगिताको खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक राजेश गुरुङले बताउनुभयो । बास्केटबल पुरुष पोखरा रङ्गशाला र महिलाको खेल पृथ्वीनारायण क्याम्पस, आर्चरी, फेन्सिङ पोखरा रङ्गशालमा हुनेछ ।

यसैगरी जुडो र 'फुल कन्ट्याक्ट' कराँते पोखराको प्रदर्शनी हल तथा शारीरिक सुगठन पोखरा सभागृहमा खेलाइने परिषद्ले जनाएको छ । पौडी पोखराका फिस्टेल एकेडेमी, हक्की महिला गण्डकी बोर्डिङ स्कुल, भारत्तोलन पोखरा उद्योग वाणिज्य सङ्घको सभाहल, गल्फ पोखरा हिमालयन गल्फ कोर्स, साइक्लिङ, ट्रायथोलन र प्याराग्लाइडिङ पनि पोखरामै हुनेछ । रग्बी भण्डारढिक खेलमैदान, कबड्डी महिला पुरुष दुवै रञ्जित पार्टीप्यालेस रानीपौवा, खोखो पोखरा रङ्गशालाभित्रको ह्याण्डबल एकेडेमीमा खेलाइने निर्णय परिषद्ले गरेको छ ।

यसैगरी म्याग्दीमा तेक्वान्दो र महिला भलिबल हुनेछ भने बाग्लुङमा आइटिएफ तेक्वान्दोको प्रतियोगिता हुनेछ । नवलपुरमा सेपाकताक्रो र कुस्ती, गोरखामा बुद्धिचाल खेलाउने तय गरिएको छ । स्याङ्जाको वालिङमा महिला फुटबल आयोजना हुनेछ । यसैगरी पूर्वाधार अभावमा सुटिङ भने काठमाडौँमा खेलाइने भएको छ ।

यसैगरी परिषद्ले राष्ट्रिय खेलकुदलाई लक्ष्यगरी नेशनल स्पोर्टस् काउन्सिल एप सञ्चालनमा ल्याएको छ । सो एपबाट खेलको तयारी, नतिजालगायतका सबै विवरण जानकारी दिइने परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले बताउनुभयो । उहाँका अनुसार खेलस्थल र खेल तालिका बनिसकेकाले तयारीका काम अघि बढाइएको छ । परिषद्ले पहिलो पटक खेलाडीको अनलाइन दर्ता सुरु गरिएको जनाएको छ । प्रत्येक टोलीले खेलाडीको अनलाइन फाराम भर्नुपर्ने उहाँले जानकारी दिनुभयो । प्रतियोगिताको औपचारिक उद्घाटन असोज २८ गते हुने भए पनि परिषद्ले सोअघि नै खेल तालिका बनाएको छ । नवौँअन्तर्गतको पुरुष क्रिकेट हाल राजधानी काठमाडौँमा जारी छ । क्रिकेट महिला असोज २३ गतेदेखि पोखरामा सुरु हुनेछ ।

प्रतियोगिताको मूल ट्रफी भदौ ३१ गते प्रधानमन्त्री शेरबहादुर देउवाबाट सार्वजनिक गरिने र साते प्रदेशका मुख्यमन्त्रीको उपस्थितिमा ट्रफी प्रदर्शनी ऱ्याली आयोजना गरिने सदस्य सचिव घिसिङले बताउनुभयो । ट्रफी ऱ्यालीका लागि ओलम्पियन दीपक विष्टको संयोजकत्वमा पाँच सदस्यसीय कार्यदल गठन भइसकेको र प्रदेशगत प्रदर्शनी असोज १ गतेदेखि सुदूरपश्चिमबाट सुरु गरी क्रमशःअन्य प्रदेश तथा तीन विभागीय टोली नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलमा लगिने परिषद्ले जनाएको छ । खेलस्थल सार्वजनिक कार्यक्रममा युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले राष्ट्रिय गौरवसँग जोडिएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न सबैले आआफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले प्रतियोगिताका लागि आर्थिक अभाव हुन नदिने प्रतिबद्धता जनाउँदै सरकारी तथा निजी क्षेत्र मिलेर सफल पारिने प्रतिबद्धता जनाउनुभयो ।


दर्ता नं. : १८९/०५७/०५८

**विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**BISHAL SAVING & CREDIT CO-OPERATIVE SOCIETY.LTD.**

बुद्ध विशाल बजार, पो.म.न.पा.-४
फोन नं.: ०६१-५८१८९६, ५८१७३३

## २३ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको मिती २०७९/०५/२६ गते बसेको संचालक समितिको २०० औ बैठकको निर्णय बमोजिम निम्न मिति, समय र स्थानमा **२३ औा वार्षिक साधारण सभा** निम्न प्रस्तावहरु उपर छलफल गर्नको निमित्त बस्ने भएको हुँदा सम्पूर्ण सदस्यज्यूहरुको गरिमामय उपस्थितीको निमीत्त हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल र पारित ।
२. लेखा समितिको तर्फबाट संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारीत गर्ने ।
३. आ.व ०७८/०७९ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र अनुमोदन गर्ने ।
४. आ.व ०७९/०८० को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत पारीत गर्ने ।
५. चालु आ.व ०७९/०८० को निमित्त लेखापरिक्षणको नियुक्ति र पारिश्रमीक तोक्ने ।
६. विभिन्न निति तथा कार्यविधिहरु संसोधन एवम् पारित गर्ने सम्बन्धमा ।
७. नियमनकारी निकायको निर्देशन सम्बन्धमा ।
८. लाभांश वितरण सम्बन्धमा ।
९. संरक्षित पूँजि फिर्ता कोषबाट रकम वितरण सम्बन्धमा ।
१०.सदस्यज्यूहरुको सुझाब सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ति गर्ने ।

**सभा शुभारम्भ हुने मिति, समय र स्थान**
**मिति**: २०७९ आश्विन २९ गते शनिबार (Oct-15-2022)
**स्थान**: सिटि स्क्वायर बेङक्युट एण्ड रेष्टुरेन्ट, पोखरा-९ न्यूरोड कास्की
**समय**: बिहान ८:०० बजे

संचालक समितिको आज्ञाले
तारादेवी पराजुली
सचिव